# विनियोजन ऐन, २०७६

## अन्नपूण गाउँपालिकाको आर्थिक बर्ष २०७६/२०७७ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमाव्यवस्थागर्न बनेको ऐन

कार्यपालिकाबाट स्वीकृत मितिः २०७६।३।७

**प्रस्तावना:** अन्नपूर्ण गाउँपालिकाको आर्थिक बर्ष २०७६।०७७ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकमविनियोजन गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२९ को उप-धारा (२)बमोजिम अन्नपूर्ण गाउँसभाले यो ऐन बनाएको छ।

१.**संक्षिप्त नाम र प्रारम्भ:** **(१)**यस ऐनको नाम **"अन्नपूर्ण गाउँपालिकाको विनियोजन ऐन, २०७६"** रहेको छ।

(२) यो ऐन२०७६ श्रावण १ गते देखि प्रारम्भ हुनेछ।

२.**आर्थिक वर्ष २०७६।७७ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार**: (१)आर्थिक वर्ष २०७६।०७७ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु **५८,१०,००,०००** (अक्षेरुपी **अन्ठाउन्न करोड दश लाख मात्र**) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ।

३. **विनियोजन:** **(१)** यस ऐनद्धारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७६।७७ को निमित्त अन्नपूर्ण गाउँपालिकाको गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

**(२)** उपदफा (१) माजुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडासमिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा नपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवाभुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

**(३)** उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १५ प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनुपर्नेछ।

अनुसूचि-१

(दफा२ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम संञ्चितकोषबाट विनियोजन हुने रकम

| क्र. सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगतखर्च | वित्तियव्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| 1 | 2 | 3 | 4 | 5 | 6 | 7 |
| 1 | | गाउँकार्यपालिका | १८९८००००० (सा सु भत्ता समेत) | १६१३०००००। | | ३५११००००० |
| 2 | | वडा समिति | | १७७०००००। | | १७७००००० |
| 3 | | बिषयगतशाखा | २१२२००००० | | | २१२२००००० |
| 4 | | ऋणको सावाव्याजभुक्तानी | | | | |
| 5 | | लगानी ( शेयर/ऋण) | | | | |
| | | कुलजम्मा | ४०२००००००० | १७९०००००० | | ५८१००००००। |